सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

निमित्त प्रमुख सचिव

# सुदूरपश्चिम प्रदेश वादी उत्थान छात्रवृत्ति वितरण कार्यविधि, २०८०

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशका विद्यालय तह र उच्च शिक्षामा अध्ययनरत वादी समुदायका छात्रछात्रालाई अध्ययन प्रति उत्प्रेरित गराउन छात्रवृत्ति वितरण गर्न आवश्यक भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश वादी उत्थान छात्रवृत्ति वितरण कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "छात्रवृत्ति" भन्नाले वादी उत्थान छात्रवृत्ति कार्यक्रम सम्झनु पर्छ।

(ख) "छात्रछात्रा" भन्नाले विद्यालय तह (कक्षा १-१२) र उच्च शिक्षामा अध्ययनरत वादी समुदायका छात्रछात्रा सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले जिल्लास्थित सामाजिक विकास कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्यालय तहको छात्रवृत्ति कार्यक्रम

३. **विवरण सङ्कलन गर्नुपर्ने:** (१) कार्यालयले छात्रवृत्ति कार्यक्रमका लागि विद्यालय तह (कक्षा १-१२) मा अध्ययनरत वादी समुदायका छात्रछात्राको नाम नामेसी सहितको विवरण सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलित विवरण कार्यालयले मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) विवरण सङ्कलन गर्ने प्रयोजनका लागि आवश्यक परेमा मन्त्रालयले अवधि तोकी सूचना प्रकाशन गरी सम्बन्धित छात्रछात्राबाट आवेदन माग गर्न सक्नेछ।

४. ~~**कागजात**~~ कागजात **संलग्न राख्ने:** दफा ३ बमोजिम सङ्कलन गरिएका छात्रछात्राको विवरणसाथ देहायका कागजातहरू संलग्न राखु पर्नेछ:-

(क) जिल्ला प्रशासन कार्यालयबाट वादी समुदायको व्यक्ति भएको व्यहोरा खुल्ने कागजात,



सचिव

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली २०७४

निमित्त प्रमुख सचिव

(ख) आमा वा बुवाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) छात्रछात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्थानीय तहबाट सिफारिस गरेको स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(ङ) नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(च) अध्ययनरत विद्यालयको सिफारिस, र

(छ) सम्बन्धित छात्रछात्राको बैंक खाता वा नभए निजको आमा वा बाबुको बैंक खाता विवरण।

५. **छात्रवृत्ति रकम प्रदान गर्ने प्रकृया:** (१) दफा ४ बमोजिमको विवरणका आधारमा प्रति छात्रछात्रालाई मासिक एक हजार रुपैयाँका दरले चालु आर्थिक वर्षको श्रावणदेखि असार मसान्तसम्मको बाह्र महिनाको हिसाब गरी विद्यालय तहमा अध्ययनरत वादी समुदायका छात्रछात्रालाई छात्रवृत्ति रकम प्रदान गर्न कार्यालयलाई अख्तियारी दिइनेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले छात्रवृत्ति रकम प्रदान गर्दा सम्बन्धित छात्रछात्रा वा निजको आमा वा बाबुको बैंकमा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद-३

## उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम

६. **सूचना प्रकाशन गर्नुपर्ने:** (१) उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि मन्त्रालयले तिस दिनको म्याद दिई स्नातक र स्नातकोत्तर तह प्रथम वर्षमा अध्ययनरत वादी समुदायका छात्रछात्राबाट आवेदन माग गर्न सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाका आधारमा कार्यालयले आवेदन सङ्कलन गरी छिटो माध्यमबाट मन्त्रालयमा पठाउनु पर्नेछ।

७. **छात्रवृत्ति रकम र भुक्तानी प्रकृया:** (१) प्राप्त हुन आएका जिल्लागत विवरणका आधारमा प्रतिविद्यार्थी मासिक रु. आठ हजारका दरले चालु आर्थिक बर्षको श्रावणदेखि असार मसान्तसम्मको बाह्र महिनाको हिसाब गरी उच्च शिक्षा तहमा अध्ययनरत वादी समुदायका छात्रछात्रालाई छात्रवृत्ति रकम प्रदान गर्न कार्यालयलाई अख्तियारी ~~हस्तान्तरण गरिनेछ~~ दिइनेछ।

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली २०७४

(२) छात्रवृत्ति रकम कार्यालयले सम्बन्धित विद्यार्थी वा निजको बाबु वा आमाको बैंक खाता मार्फत भुक्तानी दिनेछ ।

८. **पेस गर्नुपर्ने कागजात:** दफा ६ बमोजिम पेस हुन आएका आवेदनसाथ देहायका कागजात संलग्न गर्नु पर्नेछः-

(क) वादी समुदाय खुल्ने जिल्ला प्रशासन कार्यालयबाट सिफारिस वा प्रमाणित भएको कागजात,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(ख) छात्रछात्राको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थानीय तहबाट सिफारिस वा प्रमाणित भएको स्थायी बसोबास खुल्ने कागजात,

(घ) कक्षा १२ को ग्रेडसिट वा ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ङ) शिक्षण संस्थामा छात्रछात्रा नियमित अध्ययनरत रहेको सिफारिस पत्र,

(च) सम्बन्धित छात्रछात्रा वा निजको बाबु वा आमाको बैंक खाताको विवरण।

निमित्त प्रमुख सचिव

## परिच्छेद-४

## छानबिन समिति

९. **छानबिन समितिः** (१) सङ्कलित विवरणसहितको कागजात छानबिन गर्न मन्त्रालयमा देहायको एक छानबिन समिति रहनेछः-

(क) प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा - संयोजक

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(ग) प्रमुख, उच्च शिक्षा शाखा - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले पेस हुन आएका कागजातको छानबिन गरी रितपूर्वक भए छात्रछात्रालाई छात्रवृत्ति वितरणका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(३) यो कार्यविधि लागु हुनुअघि मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाका आधारमा प्रदान गरिएको छात्रवृत्तिको हकमा सोही बमोजिम हुनेछ।

१०. **अभिलेख राख्नुपर्नेः** मन्त्रालय र कार्यालयले छात्रछात्रालाई प्रदान गरेको छात्रवृत्ति रकमको अभिलेख सुरक्षितसाथ राख्नु पर्नेछ।

११. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ।

१२. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।



प्रदेश सचिव